नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

**(स्थानीय तह कर्मचारी प्रशासन शाखा)**

पत्र संख्या : ०७७।७८

चलानी नं: ९६६२

मिति: २०७७/१२/०१

स्थानीय तहमा कामकाजमा खटाउने सम्बन्धी कार्य स्थगन गरिएको सम्बन्धी सूचना ।

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ तथा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/०२/०६ को निर्णय बमोजिम लोक सेवा आयोगबाट सिफारिस भई विभिन्न स्थानीय तहहरुमा कार्यरत कर्मचारीहरुको गुनासो सम्बोधन गर्ने क्रममा मिति २०७७/१०/२९ मा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय बमोजिम अन्तर स्थानीय तहमा कामकाजमा खटाउने सम्बन्धमा निर्णय कार्यान्वयनलाई थप व्यवस्थित, सहज, सरल र प्रभावकारी बनाउन यस मन्त्रालयको (मा.मन्त्रीस्तर) को मिति २०७७/११/०६ को निर्णयानुसार **"लोक सेवा आयोगबाट स्थानीय तहमा सिफारिस भई स्थायी नियुक्ति भएका कर्मचारी व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"** स्वीकृत भए पश्चात सोही मापदण्डको बुंदा नं. ९ बमोजिम मापदण्ड स्वीकृत हुनु अघि सम्बन्धित स्थानीय तहको दोहोरो सहमति सहित मन्त्रालयमा प्रास भएका निवेदनहरुको हकमा मन्त्रालयले अर्को व्यवस्था नभएसम्मको लागि कामकाजमा खटाएकोमा तपसिलमा उल्लेखित आधार र कारणहरुले गर्दा स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई अन्तर स्थानीय तहमा कामकाजमा खटाउने सम्बन्धी कार्य अर्को व्यवस्था नभएसम्मको लागि हाललाई स्थगन गर्ने नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७७/१२/०१ गतेको निर्णयानुसार अनुरोध छ ।

तपसिलः

१. सम्पूर्ण स्थानीय तहहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) भई नसकेको,

२. कामकाज/सरुवालाई व्यवस्थित गर्ने Software निर्माण हुने क्रममा रहेको,

३. रिक्त रहेका पदहरुमा पदपूर्तिका लागि कतिपय स्थानीय तहहरुले प्रदेश लोक सेवा आयोगमा माग गरेको समेत पाईएको,

४. कतिपय स्थानीय तहहरुबाट विगतमा जारी भएका सहमति पत्रबाट हाल सरुवा/कामकाजमा नखटाईदिन अनुरोध भई आएको ।

२०७७।१२।०१

(नरेन्द्र प्रसाद न्यौपाने)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, (Website मा Upload गरिदिनु हुन )

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।